आज मिति २०७७/०१/०७ गतेका दिन विहान ८ :०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पालती | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१) | | | |
| ३२) | | | |
| ३३) | | | |
| ३४) | | | |
| ३५) | | | |

**प्रस्ताव नं. १ :-**

कोरोना भाइरस नियन्त्रण, रोकथाम र व्यवस्थापन को लागी मिति २०७६/१२/११ देखी लगातार नेपाल सरकारबाट देशै भरी Lockdown को कारणले असहाय, ज्याला मजदुरी गरी खाने को लागी राहत सामाग्री वितरण गर्न स्थानीय बजारबाट राहत सामाग्री वितरण मापदण्ड, २०७६ बमोजिम राहत सामाग्री खरिद गरी उल्लिखित समुदायलाई उपलब्ध गराउन बजार दररेट पुन: थप र निर्णय गर्ने संबन्धमा ।

**निर्णय नं १:-**

उल्लिखित प्रस्ताव विषय उपर यस अघि मिति २०७६/१२/२५ गते बसेको ४२ औं वैठकले तय गरेको दररेट संबन्धमा र त्यस पूर्व राहत सामाग्री वितरण भएको खरिद मुल्य दररेट संबन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरिएको छ ।

क) यस पूर्व नगरपालिकाले राहत वितरण गर्न बजारबाट सीधै खरिद गरेको मसीना चामलको प्रति किलो रु. ५१।- को दररेट र सोका आधारमा भएको भुक्तानीलाई समर्थन गर्ने निर्णय गरियो ।

ख) उल्लिखित मितिको ४२ औं कार्यपालिका वैठकले तोकेको बजार दररेटमा मसीना चामल को अधिकतम बजार दररेट र मुसुरो दाल, अडरी दाल, मिक्स दाल, खाने तोरीको तेल, साबुन, नुन र चिनी मिति २०७७/०१/०८ गते देखी लागु हुने र संसोधन नभएकोमा साविक तोकिए बमोजिम नै हुने गरि लागु गर्ने निर्णय गरियो ।

१. मसिना चामल प्रति के.जी. अधिकतम रु. ५१ रुपयाँ। र मध्य मसिना चामल प्रति केजी ४८ ६

२. दाल मुसुरो प्रति किलो अधिकतम रु. १३० रुपयाँ।

३. खाने तोरी तेल ( धारा वा सो सरह) अधिकतम प्रतिलिटर १६५ रुपयाँ।

४. चिनी प्रति के.जी अधिकतम रु. ८० रुपयाँ ।

५. साबुन (डिटल वा लाइफ बाय वा सो सरह) प्रति पिस रु. एम.आर.पि. मा तोकिए अनुसार।

६. नुन अधिकतम प्रति के.जी रु २५ रुपयाँ मात्र।

**निर्णय नं. २ :-**

मिति २०७७/०१/०६ मा बसेको नगर विपद व्यवस्थापन समितिको निर्णयले कोभिड-१९ नियन्त्रण, रोकथाम र व्यवस्थापन का लागी सुरक्षा व्यवस्था परिचालन र संचार सेवा, टेलीभिजन लगायतका खर्चमा रु. १०,००,०००।- (अक्षरुपी दश लाख) खर्च गर्ने निर्णय भएकोले उक्त कार्यक्रम खर्च कोभिड-१९ खाता बाट खर्च लेख्ने गरी अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:-**

कोभिड- १९ नियन्त्रण, व्यवस्थापन र रोकथाम संबन्धि नगर- कार्यपालिकाको मिति २०७६/१२/०७ देखी हाल सम्म गरेको संपूर्ण खर्च समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-**

४२ औं कार्यपालिका वैठकको निर्णय नं. ३ का संबन्धमा लकडाउन अवधि भर विस्तार गरी सो अनुसार सुविधा दिने निर्णय गरियो ।

निर्णय